# प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम टि.इ.भि.टी. सफ्ट स्किल परियोजना र शिक्षक पेसागत क्षमता विकास कार्यक्रम

**निरा शाक्य**

राष्ट्रिय परामर्शदाता, टि.इ.भि.टी. सफ्ट स्किल परियोजना, शिक्षा मन्त्रालय

**लेख सार**

**आजको श्रम बजारमा प्रवेश पाउन र टिकाइ राख्न सफ्ट स्किलले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने कुरा विभिन्न देशहरूले गरेको अध्ययन प्रतिवेदनहरूले देखाएको छ। विश्वव्यापीकरणका कारण युवाहरू रोजगारका लागि नेपालमा मात्र सिमित नरहने भएकाले विद्यालय शिक्षा व्याबहारिक र स्वरोजगार सिर्जना गर्न सक्ने खालको हुनुपर्छ भन्ने आवाज उठिरहेका छन्। त्यसैले शैक्षिक संस्थाहरूबाट बाहिरिएका युवाहरूमा देशभित्र तथा विश्वको श्रम बजारमा प्रवेश पाउन र टिकाइराख्न आवश्यक ज्ञान र सिप भएको हुनुपर्छ। कुनै पनि देशको शक्ति (strength) त्यस देशका नागरिकहरूको क्षमतामा भर पर्छ। मानवीय पूँजीलाई राष्ट्र विकासका मेरुदण्ड पनि भन्ने गरिन्छ। आजका विद्यार्थी नै भोलिको देश निर्माण तथा विकासको लागि आवश्यक जनशक्ति हुन्। यी जनशक्ति गुणस्तरीय शैक्षिक प्रणालीबाट निस्कन्छ भने गुणस्तरीय शैक्षिक प्रणालिको विकास होसियारीपूर्वक निर्माण गरेको शैक्षिक योजना तथा योजना कार्यान्वयन गर्ने क्रमबद्ध शैक्षिक प्रक्रियाबाट मात्र सम्भव हुन्छ। कस्तो प्रकारको शैक्षिक प्रक्रिया अपनाउने भन्ने कुरा पाठ्यक्रमबाट निर्देशित हुने गर्छ। यो लेख पाठ्यक्रमको मर्मअनुसार विभिन्न शैक्षणिक क्रियाकलापहरूद्वारा विद्यार्थीहरूमा आवश्यक ज्ञान र सिप सन्तुलित रूपमा विकास गर्न शिक्षकको क्षमता विकास गर्ने तरिकामा केन्द्रित रहेको छ।**

## १. विषय प्रवेश

२१औं शताब्दीमा द्रुत गतिमा भईरहेको प्रविधिको विकासले पेसा तथा व्यावसायको क्षेत्र चुनौतीपूर्ण एवम् प्रतिस्पर्धात्मक हुदै गइरहेको छ। प्रायः जसो सबै प्रकारका व्यावसायिक संस्थाहरू (शैक्षिक, औद्योगिक, व्यापार, व्यवसाय, सामाजिक........ आदि) ले मानवीय स्रोतलाई मुख्य asset का रूपमा स्वीकारेका छन्। संस्थाको उपलब्धि र सफलता, यिनीहरूको भूमिका र काममा भर पर्ने कुरामा विश्वास गर्छन्। त्यस कारण रोजगारदाताहरूले आफ्ना कामदारहरूमा विषयगत ज्ञान र सिप (hard skills) का साथसाथै पेसागत धर्म (ethic), प्रभावकारी ढङ्गबाट सञ्चार गर्न सक्ने, स्वनिर्देशित रूपमा काम सिक्न र गर्ने चाहाना भएको, सकारात्मक सोच जस्ता गुण तथा सिपहरू (जसलाई soft skill भन्ने गरिन्छ) भएको होस् भन्ने चाहन्छन्।

विद्यालयदेखि विश्व विद्यालयबाट निस्केका ग्राजुएट (graduate) हरूमा सफ्ट स्किलको कमीका कारणले रोजगारीको क्षेत्रमा प्रवेश पाउन र प्रवेश पाएकाहरूलाई पनि टिक्न समस्या भएको प्रतिवेदनहरू आइरहेको सन्दर्भमा अमेरिकाको bureau of labour statistics, November 2011को प्रतिवेदनमा उद्योग व्यावसायको क्षेत्रमा बिज्ञापन भएका पदहरूमध्ये करिब ९% पदहरू दरखास्तवालाहरूसँग ती व्यावसायिक पदहरूको लागि आवश्यक सफ्ट स्किलको कमीले गर्दा पदपूर्ति हुन नसकेको उल्लेख गरेको छ। उक्त तथ्याङ्कले शिक्षा प्रणालीले academic skills (hard skills) भएका व्यक्तिहरू उत्पादन गर्न सफल भएको तर कार्य क्षेत्रका लागि आवश्यक सफ्ट स्किल भएका व्यक्तिहरू उत्पादन गर्न नसकेको कुरालाई पुष्टि गरेको छ।

Hodges & Burchell ले २००३ मा रोजगारदाताहरूको दृष्टिकोणमा महत्त्वपूर्ण सिपसम्बन्धी गरेको अध्ययनले १० ओटा आवश्यक सिपहरूमध्ये ability & willingness to work,team work, cooperation, interpersonal relation, communication, energy & passion, problem solving skills जस्ता ८ ओटा soft skills भएको उल्लेख गरेको छ (१२)। Rabin R. S. ले (२००९) मा सयुक्त

राष्ट्र अमेरिकाका ५२ विभिन्न पेसासँग सम्बन्धित करिब ८०००० व्यवस्थापकसँग गरेको अध्ययनले पनि संस्थाको उन्नति प्रगतिका लागि कामदारसँग सफ्ट स्किल हुनुपर्ने निष्कर्ष दिएको छ (१२) । यसरी विभिन्न प्रतिवेदनहरूका आधारमा शैक्षिक संस्थाहरूमा सफ्ट स्किल सम्बन्धी सचेतनाको कमीले कार्य क्षेत्रमा प्रवेश गरेकाहरूमा soft skills को अवस्था कमजोर भएको पुष्टि गरेको छ । भनिन्छ, कुनै पनि कार्य क्षेत्रमा सफलता हासिल गर्न hard skills ले १५%, र बाँकी ८५% सफ्ट स्किलको भूमिका हुने गर्छ ।

प्रविधिको विकास, प्रतिस्पर्धा र उपभोक्ताहरूको मागका कारणले व्यवसायको क्षेत्रमा हुने निरन्तर परिवर्तनलाई शैक्षिक पाठ्यक्रम जुन लामो समयसम्म constant रहिरहनले मात्र सम्बोधन गर्न नसक्ने भएकाले अहिले संसारभरि नै सफ्ट स्किलको माग बढ्दै गएको देखिन्छ । फलस्वरूप विश्वभरिकै शैक्षिक संस्थाहरूलाई आफ्ना विद्यार्थीहरूमा सफ्ट स्किल विकास गर्नुपर्ने दबाब परेको छ ।

## २. नेपालको विद्यालय शिक्षामा Soft Skills को विकास

विश्वमा जस्तै नेपालमा पनि विद्यालय शिक्षाको सन्दर्भमा विभिन्न चर्चा परिचर्चा, गुनासा तथा आवाजहरू उठ्ने गरेका छन् । केही उदाहरणहरू यस प्रकार छन् :

- विद्यालय शिक्षाले विद्यार्थीहरूलाई व्यावहारिक शिक्षा दिन नसकेको
- विद्यालयबाट प्राप्त प्रमाणपत्रहरू खेस्रा कागजका रूपमा मात्र रहेको, रोजगारको बजारमा विकाउन नसकेको
- विद्यार्थीहरूमा employability skills का कारणले उनीहरू देशभित्र र विश्व बजारमा भएका रोजगारका अवसरहरू प्राप्त गर्न असफल भएको
- विद्यालय शिक्षाले बेरोजगारको सङ्ख्या बढाएको
- विश्वको श्रम बजारमा प्रवेश गर्न चाहने र प्रवेश पाएका युवाहरूले पनि सम्बन्धित संस्थाको माग अनुसार क्षमता देखाउन नसक्नाले निम्न स्तरको काम गर्न बाध्य भएको

यसरी समाजमा उठ्ने गरेका शैक्षिक गुनासाहरूलाई शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र सुधार कार्यक्रम २००९-१२ मार्फत सम्बोधन गर्ने प्रयास गरेको छ भने September 2013 मा बनेको SSRP extention plan 2014/15-2015/16 को पहिलो draft ले अझ यसलाई स्पष्ट गर्दै निम्नलिखित कुराहरू उल्लेख गरेको छ :

- माध्यामिक तहको शिक्षामा साधारण तथा व्यावसायिक धारको व्यवस्था
- सफ्ट स्किललाई कक्षा ६ देखि १० को अनिवार्य विषयहरूको पाठ्यक्रममा एकीकृत गर्ने
- सबै तहको शिक्षकको पेसागत विकास कार्यक्रममा सफ्ट स्किललाई एकीकृत गर्ने

प्राविधिक तथा व्यावसायिक सिपबारे प्रायजसो सबैलाई राम्रो बुझाइ छ तर सफ्ट स्किल नेपालको सन्दर्भमा नयाँ विषयका रूपमा अगाडि आएको छ । यी सिपहरूका सम्बन्धमा निम्न लिखित प्रश्नहरू उठ्ने गरेको पाइन्छ :

- के हो सफ्ट स्किल ?
- यी सिपहरू किन आवश्यक छन् ?
- यी सिपहरू कसरी विद्यार्थीहरूमा विकास गराउन सकिन्छ ?

यिनै प्रश्नहरूको उत्तर खोज्न शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र सुधार योजना (२००९-१५) मा उल्लिखित TEVT सफ्ट स्किलसम्बन्धी कार्यक्रमहरू सानो स्केलमा परीक्षण गरी त्यसबाट प्राप्त नतिजाको आधारमा देशभरिका विद्यालयहरूमा लागू गर्न Finland सरकारको आर्थिक एवम् प्राविधिक सहयोगमा TEVT सफ्ट स्किल परियोजना (२०१२-१५) सञ्चालनमा ल्याएको छ ।

यो परियोजनाले विद्यालय शिक्षा विशेष गरी माध्यामिक तहको शिक्षालाई गुणस्तर र सान्दर्भिक

बनाउन माध्यामिक तहको पाठ्यक्रममा TEVT सफ्ट स्किललाई समावेश गरी श्रम बजारको माग अनुसार विद्यार्थीहरूलाई सक्षम बनाउने लक्ष्य लिएको छ । यसका लागि परियोजनाले निम्न लिखित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ :

- माध्यमिक विद्यालय तहको कक्षा ९ र १० को पाठ्यक्रम सक्षमतामा आधारित soft skills focus बनाउने
- माध्यमिक विद्यालय तहमा अध्यापन गराउने सबै शिक्षकहरूलाई सक्षमतामा आधारित सफ्ट स्किल केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्न सक्षम बनाउने
- शिक्षकको पेसागत क्षमता विकासको लागि निरन्तर सहयोग प्रणालीको ढाँचा प्रस्तुत गर्ने ।

## ३. माध्यमिक तहको कक्षा ९ र १० को लागि सक्षमतामा आधारित सफ्ट स्किल केन्द्रित पाठ्यक्रम परिमार्जन प्रक्रिया

### सफ्ट स्किल के हो ?

Job market को मेरुदण्डका रूपमा रहेको सफ्ट स्किल सही र एउटै मात्र जवाफ दिन त्यति सजिलो छैन । किनभने सफ्ट स्किललाई हेर्ने र बुझ्ने दृष्टिकोण, परिबेस र कार्य क्षेत्रको प्रकृति अनुसार फरक हुने गरेको छ ।

कुनै खास सफ्ट स्किल कुनै खास कार्य क्षेत्रका लागि अति आवश्यकको सुचीमा पर्छ भने अर्को कार्य क्षेत्रको लागि कम आवश्यक सूचीमा पनि पर्न सक्छ । उदाहरणका लागि cultural awareness सम्बन्धी सिप सामाजिक क्षेत्रमा काम गर्नेहरूका लागि नभई नहुने सिप हुन सक्छ भने chemist का लागि कम महत्त्वको पनि हुन सक्छ । यिनै कुराले गर्दा soft skill को परिभाषा र यसलाई समूहकृत गर्ने तरिका पनि फरक हुने गरेको छ :

### सफ्ट स्किलका केही परिभाषाहरू यस प्रकार छन्


"Soft Skills refer to the clustersof personality traits, social graces, and facility with language, personal habits, friendliness and optimism that make people to varying degrees" -Wikipedia (2007)

Soft Skills can be defined as interpersonal, human ,people or behavioral skills necessary for applying technical skills & knowledge in workplace (Rainbury, Hodges, Burchell & Lay, 2002)

त्यस्तै सफ्ट स्किललाई attitudinal & behavioral skills, job searching skills अथवा एक्काइसौं सताब्दिको सिप पनि भन्ने गरिन्छ ।

नेपालको वर्तमान सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षामार्फत विद्यार्थीहरूलाई कुनै पनि काम तथा पेसाको लागि तयार हुन उनीहरूको व्यक्तित्व तथा सामाजिक विकासका लागि आवश्यक सफ्ट स्किलको समूह पहिचान गरी पाठ्यक्रम परिमार्जन कार्यको लागि प्रयोगमा ल्याएको परिभाषा र समूह यस प्रकार छ :

The Soft Skills are "intra and inter-personal, socio-economic skills, essential for personal development, social participation and workplace success". TSSP/CDC-MOE, Nepal 2014 .




**Hard skills र soft skills बिचको भिन्नता**

Alain Briot, Arizona, January 2014 मा प्रकाशित online लेख अनुसार Hard skills/soft skills बिचको भिन्नता यस प्रकार छ :

| Hard Skills | Soft Skills |
|---|---|
| Hard skills are technical & quantifiable & specifics. They are occupational requirement | Soft Skills are associated with personality, individualattributes & personal characters |
| Academic/technical skills | Non-academic/Non-technical skills |
| Can be measured | Soft Skills are learned behaviours<br>Can be observed |
| Left brain dominant-thinking brain or the logic centre. Usually takes smarts or intelligence (IQ) | Right brain dominant-feeling brain<br>Emotional intelligence (EQ) |

**Soft Skills को विकास विद्यार्थीहरूमा कसरी गराउने ?**

विद्यार्थीहरूमा soft skills विकास गराउन विभिन्न देशहरूले निम्न दुईवटा मोडेल प्रयोगमा ल्याएको देखिन्छ

**1. Standalone subject model**


यो मोडेलमा संस्थाहरूको आवश्यकता, विद्यार्थीको चाहना, उपलब्ध सिकाइ समय आदिलाई ध्यानमा राखी नरम सिपलाई अरु विषयहरू जस्तै मूल विषयका रूपमा वा optional विषयका रूपमा समावेश गरी पाठ्यक्रम निर्माण गरेको हन्छ soft skills सिद्धान्तबाट भन्दा अभ्यासबाट सिकिने हुनाले यो मोडेल प्रभावकारी नभएको शिक्षाविद्हरूको भनाइ छ ।

**2. Embedded model**

विश्वका धेरै राष्ट्रहरूले विद्यार्थीहरूमा soft skills विकास गराउन embeddedmodel लाई अपनाएको देखिन्छ । यो मोडेलमा soft skills सिकाइ उपलब्धिहरू सम्बन्धित कक्षाका सबै बिषयहरूको सिकाइ उपलब्धिहरूसँग आवश्यकता अनुसार मिसाएर पाठ्यक्रम निर्माण गरिएको हुन्छ । शिक्षकहरूले औपचारिक शिक्षण सिकाइ क्रियाकलापको माध्यमबाट soft skills विकास गराउदछन् । यो मोडेलबाट सिकाउँदा विद्यार्थीहरूमा soft skills विकास प्रभावकारी भएको अनुभव छ । यसको लागि शिक्षकहरूमा र शिक्षकहरूलाई प्रशिक्षण दिने प्रशिक्षकहरूमा soft skills लाई अरू

विषयसँग मिलाएर शिक्षण वा प्रशिक्षण दिने सक्ने सिप भएको हुनुपर्छ ।

### माध्यमिक तहको पाठ्यक्रम परिमार्जन प्रक्रिया

विद्यालय शिक्षामा हुने शैक्षिक प्रक्रियाहरू पाठ्यक्रमद्वारा निर्देशित हुन्छन् । विद्यालय क्षेत्र सुधार योजना (२००९-१५) ले पनि सफ्ट स्किललाई विद्यालय शिक्षाको पाठ्यक्रममा एकीकृत गर्ने भन्ने उल्लेख भएअनुसार विद्यार्थीहरूमा यी सिपहरू विकास गराउन पाठ्यक्रम विकास केन्द्रले embedded model लाई अगालेर कक्षा ९ र १० का विषयगत पाठ्यक्रमहरू परिमार्जन गर्ने निर्णय भए अनुसार परियोजनाको प्राविधिक सहयोगमा पाठ्यक्रम परिमार्जनको ढाँचा निर्माण तथा सोही ढाँचा अनुसार ६ ओटा अनिवार्य विषयहरूको पाठ्यक्रम परिमार्जन गर्ने कार्य भईरहेकोछ ।

### पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम

सफ्ट स्किलले विद्यार्थीहरूको प्रवृत्ति (Attitudes), मुल्य, मान्यता, उत्साह, इच्छा, सिक्ने चाहना, जिम्मेवारी, अरुसँग अनुभव साट्ने चाहना, नयाँ ढङ्गबाट सोच्ने र नयाँ विचारहरूको सिर्जना गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याउछ । यसका लागि विद्यार्थीहरू आफैँ विभिन्न सिकाइ क्रियाकलापमा संलग्न भएको हुनुपर्छ । किनभने सैद्धान्तिक ज्ञान दिएर सिप सिकाउन सकिन्न । उदाहरणको लागि इमान्दार वा जिम्मेवारको बारेमा पढाएर इमान्दार वा जिम्मेवार बनाउन सकिन्न, यसको लागि शिक्षकले विभिन्न शिक्षण सिकाइ क्रियाकलाप मार्फत इमान्दार वा जिम्मेवार बन्ने वातावरण सिर्जना गरी अभ्यास गराउनु पर्छ । यसरी सफ्ट स्किल आफैँ संलग्न भएर, गरेर सिक्ने (learning by doing) अभ्यासबाट मात्र सिकिने हुनाले यी सिपहरू विकास गराउन सम्बन्धित शिक्षक तथा प्रशिक्षकहरू योग्य, सक्षम, तालिम पोख्त र शिक्षण विधि तथा प्रक्रिया पूर्ण रूपमा विद्यार्थी केन्द्रीत गर्न सक्ने र सबै विद्यार्थीलाई पनि सक्रिय र अर्थपर्ण ढङ्गले सिकाइ क्रियाकलापमा सलग्न गर्न सक्ने सिप भएको हुनुपर्छ ।

परियोजनाले सक्षमतामा आधारित सफ्ट स्किल केन्द्रित पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक ज्ञान तथा सिपहरू एकमुष्ट एकै चरणमा तालिम दिने प्रचलित अभ्यासलाई केही परिमार्जन गरी theme base modular approach मा निरन्तर शिक्षक तालिम कार्यक्रमको ढाँचा निर्माण गरी शैक्षिक जनशक्ति विकास केन्द्रको सुझाव तथा सल्लाहमा तालिम कार्यक्रमहरूको निर्माण गरी कार्यान्वयन गर्ने रहेको छ ।

हरेक विद्यालयले आफ्नै किसिमको unique चरित्र बोकेको हुन्छ । आफ्नै विद्यालयको वातावरणमा माध्यमिक तहमा अध्यापन गर्ने सबै शिक्षकहरूलाई एकै समयमा एकै ठाउमा भेला गराई तालिम दिन सके उनीहरू बिच learning and sharing को culture स्थापित भै उनीहरू शिक्षण सिकाइ क्रियाकलापहरू सफ्ट स्किल केन्द्रित, सान्दर्भिक बनाई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुनेछ भन्ने विश्वासका साथ पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित तालिमहरू school base approach मा सञ्चालन गर्ने तरिका अपनाएको छ ।

परियोजना अन्तर्गत विकास गरिएका क्रियाकलापहरूको परीक्षणका लागि शिक्षा मन्त्रालयले १० ओटा जिल्लाबाट २ देखि ३ ओटा विद्यालयहरू छनोट गरेको छ । यी जिल्ला र विद्यालयको नाम यस प्रकार छ :

### विद्यालय

१. **झापा :** (क) हिमालय माध्यमिक विद्यालय, दमक । (ख) धुलाबारी माध्यमिक विद्यालय, दमक । (ग) सरस्वति माध्यमिक विद्यालय, दमक ।

२. **मोरङ :** (क) श्री जनता माध्यमिक विद्यालय, अमाही बरियाती । (ख) श्री सुकुना माध्यमिक विद्यालय, इन्द्रपुर । (ग) श्री मछिन्द्र माध्यमिक विद्यालय, केराबारी ।

३. **काभ्रे :** (क) स्वेत बराह माध्यमिक विद्यालय, टुकुचा ७। (ख) सञ्जिवनी नमुना माध्यमिक विद्यालय, धुलिखेल ।

४. **धनुषा :** (क) श्री जनता माध्यमिक विद्यालय, गिद्दा बेलापाटी । (ख) धनुषा जनता माध्यमिक विद्यालय, धनुषाधाम ।

५. **रूपन्देही :** (क) नवरत्न उच्च माध्यमिक विद्यालय, सेमलार । (ख) कालिका उच्च माध्यमिक विद्यालय, बुटवल । (ग) नवीन औद्योगिक बहादुर रीता उच्च माध्यमिक विद्यालय ।

६. **अर्घाखाँची :** (क) सरस्वती उच्च माध्यमिक विद्यालय, भगवती । (ख) हरिहर उच्च माध्यमिक विद्यालय, पोखराथोक ।

७. **वाग्लुङ :** (क) भीमसेन उच्च माध्यमिक विद्यालय । (ख) गलकोट उच्च माध्यमिक विद्यालय (ग) शान्ति उच्च माध्यमिक विद्यालय ।

८. **कैलाली :** (क) रघुनाथ आदर्श उच्च माध्यमिक विद्यालय, बनिया । (ख) दुर्गा लक्ष्मी उच्च माध्यमिक विद्यालय, अत्तरिया ।

९. **सुर्खेत :** (क) शिब उच्च माध्यमिक विद्यालय, लाटीकोइली । (ख) नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, बडाखोली ।

१०. **डडेल्धुरा :** (क) महेन्द्र उच्च माध्यमिक विद्यालय, अमरगढी । (ख) बाल कल्याण उच्च माध्यमिक विद्यालय, पुइलेख ।

यी परीक्षण विद्यालयका शिक्षकहरूको क्षमता अभिवृत्ति गर्न र निरन्तर सहयोग प्रणालीको विकास गर्न जिल्ला र विद्यालय तहमा निम्न लिखित संरचनाको व्यवस्था गरेको छ :

## जिल्ला तहमा

परियोजनाका क्रियाकलापहरू विद्यालयसम्म पुऱ्याइ सही ढङ्गबाट कार्यान्वयन गर्न, गराउन र निरन्तर अनुगमन र आवश्यक सहयोग उपलब्ध गराई सबै माध्यामिक तहमा अध्यापन गर्ने शिक्षकहरूलाई सफ्ट स्किल केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्न सक्षम बनाउन जिल्लामा coordination team को व्यवस्था गरेको छ । यो टिममा राष्ट्रिय युवा विज्ञ (जो शिक्षा मन्त्रालय, शिक्षा विभागको सिफारिसमा परियोजनाले नियुक्त गरेका), जिल्ला शिक्षा कार्यालयमा परियोजना हेर्ने अधिकृतर जिल्ला स्थित तालिम केन्द्र वा अगुवा सोत केन्द्रको प्रशिक्षक एक जना गरी जम्मा तिन जना सदस्यहरू छन् ।

## विद्यालय तहमा

पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धिहरूमार्फत तोकिएको समय भित्र विद्यार्थीहरूमा सफ्ट स्किल हासिल गराउन शिक्षकहरूलाई आवश्यक क्षमता विकास गर्नगराउन प्रत्येक विद्यालयमा कक्षा ९ र १० मा अध्यापन गराउने सबै शिक्षकहरूको संलग्नतामा action learning group को गठन र action learning group का सदस्यहरूमध्येबाट एक जना शिक्षक सहजकर्ताका रूपमा छनोट गरिएको हुन्छ । यिनै सहजकर्ताको अगुवाइमा तालिममा सिकेका कुराहरू कक्षा कोठामा प्रयोग गर्न र आफ्नो शिक्षण सिप तिखार्ने अभ्यासमा संलग्न हुन्छन् ।

यो प्रक्रिया शिक्षकहरू आफ्नो पेसागत विकासको लागि आफैं जिम्मेवार तथा तयार हुनुपर्छ भन्ने सिद्धान्तमा आधारित छ । यो प्रक्रियामा शिक्षकहरू आफ्नो क्षमताको विकास प्रशिक्षक तथा विज्ञमा मात्र निर्भर नरही सहभागितामूलक तरिकाबाट आफ्नै समूह वा साथीसँग अनुभव साटासाट गरेर र self-reflection को माध्यमबाट सिक्ने गर्छन् । यो समूहको बैठक महिनाको एक पटक बस्ने व्यवस्था गरेको छ भने बैठकलाई क्रियाशील बनाउन निम्नलिखित तरिका अपनाइएको छ :

### १ योजना निर्माण

केन्द्रमा प्रशिक्षक तालिम लिएका जिल्ला समन्वय समितिका सदस्यहरूले सम्बन्धित


विद्यालयका माध्यमिक विद्यालय तहमा पढाउने सबै शिक्षकहरूलाईसम्बन्धित विद्यालयमै भेला गराई एक दिने तालिम सञ्चालन गर्ने छ र तालिमको अन्त्यमा दिनभरि सिकेका र गरेका अभ्यासहरूलाई कक्षाकोठामा कसरी लैजाने भन्ने सम्बन्धमा शिक्षकहरूले आआफ्नो विषयमा योजना बनाउँछन् । अर्को दिनदेखि आआफ्नो कक्षामा ती योजनाहरू कार्यान्वयन गर्छन् ।

### २ कार्यान्वयन

तलिममा सिकेका कुराहरू समेटेर बनाइएका क्रियाकलापहरूका योजना विद्यार्थीसम्म पुऱ्याउने काम कार्यान्वयन भित्र पर्छन् । यसरी तालिमका सहभागी शिक्षकहरू झन्डै एक महिनासम्म आफ्नै कक्षाकोठाभित्र शिक्षण अभ्यासमा जुटिरहन्छ र राष्ट्रिय युवा विज्ञहरूले बेला बेलामा कक्षा अवलोकन गरी आवश्यक सुझाव तथा सहयोग दिने गर्छन् ।

### ३ प्रतिबिम्बन बैठक

कक्षाकोठामा अभ्यास गरेको ३/४ हप्ता पछि, ALG facilitator सहयोजकत्वमा आफ्नै विद्यालयमा action learning group member हरूको पहिलो reflection meeting बस्छ । उक्त बैठकमा तालिममा दिएका विषयवस्तुहरूमा केन्द्रित भई विद्यार्थीहरूमा सिकाइ उपलब्धि हासिल गराउन आफूले गरेका प्रयासहरूबारे अनुभव आदान प्रदान गर्छन् । निरन्तर अभ्यासबाट आफूले बटुलेका अनुभव तथा साथीहरूबाट प्राप्त सल्लाह तथा सुझावका आधारमा पुन योजना निर्माण गर्छन् । झन्डै एक महिनासम्म कक्षाकोठामा अभ्यास गर्छन् र फेरि दोस्रो reflection meeting मा अनुभव आदान प्रदान गर्छन् । आफ्नो शिक्षण कलामा, विद्यार्थीहरूको सिकाइमा, कक्षाकोठाको वातावरणमा आएका वा महसुस गरेका स-साना परिवर्तनहरूबारे जानकारी लिने दिने गर्छन् र आफ्नो diary मा नोट गर्ने काम गर्छन् ।




### यो modality मा learning and sharing culture कसरी स्थापित हुन्छ ?

परिमार्जित पाठ्यक्रम अनुसार शिक्षण गर्न शिक्षकहरू तयार हुनुपर्छ । तर परिमार्जित पाठ्यक्रमको चुनौती भनेकै यसको कार्यान्वयन पक्ष हो । परिमार्जित पाठ्यक्रमको मर्म र भावनाअनुसारका ज्ञान र सिपहरू कक्षा कोठामा प्रयोग गर्न सक्षम बनाउन निरन्तर सहयोग र अनुगमनको आवश्यकता पर्छन् । यी कामहरूका लागि विद्यालयभन्दा टाढा बसेका स्रोत व्यक्ति वा प्रशिक्षकहरूबाट सम्भव नभएको विगतका अनुभवहरूले देखाएका छन् । यस्तो अवस्थामा action learning group नै यस्तो साधन हुन सक्छ जहाँ सदस्य शिक्षकहरू महिनाको एक पटक एकै ठाउँमा बसी विद्यार्थीहरूमा soft skill विकास गराउन आफूले प्रयोग गरेका नयाँ शिक्षण तरिका सम्बन्धी अनुभवहरू आदान प्रदान गन, आफ्नो कक्षाको लागि सुहाउदो अभ्यासहरूको खोजी गरी पाठ्यक्रमको मर्मअनुसार शिक्षण क्रियाकलापहरू निर्माण तथा प्रयोग गर्न सक्षम हुने छन् ।

Action learning group को मुख्य उद्देश्य भनेको शिक्षकहरूलाई reflective practitioners को रूपमा विकास गरी उनीहरूले गरिराखेकै शिक्षण तरिकालाई सुधार्न नयाँ तथा प्रभावकारी बाटोको

खोजी गर्नु हो । यस्मा शिक्षकहरूलाई कुनै पनि थप भार पर्दैन बरु उहाँहरूले गरिराखेकै कामलाई structured way बाट अझ राम्रो बनाउन मद्दत पुऱ्याउँदछ । कक्षा कोठामा उठ्ने गरेका समस्या समाधानको लागि शिक्षण अभ्यासहरूमा सुधार गर्न action-reflection एक महत्त्वपूर्ण प्रक्रियाको रूपमा लिइन्छ । जब शिक्षकहरूले यी बैठक अरूमा आफूलाई सजिलो, Free & confortable महसुस गर्छन् तब उनीहरू सिक्नका लागि बढी खुल्छन् । याद गर्नुहोस्, Reflection गर्नु भनेको शिक्षण प्रक्रियाको मूल्याङ्कन गर्नु होइन जसले बितेका कामहरूमा मात्र जोड दिन्छन् । यसले अनुभवका आधारमा भविष्यमा चाल्नु पर्ने कदमहरूबारे दिशा निर्दिष्ट गर्छन् ।

## सफ्ट स्किल र शिक्षकको पेसागत क्षमता विकास कार्यक्रम

शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षक, कर्मचारी, प्रशिक्षक, तथा नीति निर्माताहरूको क्षमता अभिवृत्ति गर्ने आधिकारिक निकाय भएकाले यसले बर्सेनि आवश्यकताअनुसार विभिन्न प्रकारका तालिम, कार्यशाला, सेमिनार आदि सञ्चालन गर्दै आइरहेको छ । विद्यालय क्षेत्र सुधार योजनाले पनि शिक्षकको तयारी र विकासलाई उच्च स्थानमा राखेको छ । यसले कार्यरत शिक्षकहरूका समस्या समाधानमूखी एवम प्रत्यक्ष रूपमा शिक्षण कार्य सुधार केन्द्रित शिक्षक विकास कार्यक्रम कार्यान्वयन गर्ने नीतिगत व्यवस्था र हरेक कार्यरत शिक्षकले ५ वर्ष भित्र ३० दिने र वर्षमा १० दिन बराबरको तालिम लिनुपर्ने व्यवस्था भएअनुसार शैक्षिक जनशक्ति विकास केन्द्रले शैक्षिक तालिम केन्द्र क, ख र अगुवा स्रोत केन्द्रमार्फत सबै तहका शिक्षकहरूको पेसागत क्षमता विकास गर्न विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

विद्यालय शिक्षालाई कुन दिशातिर लैजाने भन्ने कुरा पाठ्यक्रमले निर्देशित गर्छ । समयको माग, प्रविधिको विकास समाज र देशको चाहनाअनुसार बेला बेलामा पाठ्यक्रम परिमार्जन हुने गर्छ । अहिले पाठ्यक्रम विकास केन्द्रले कक्षा ९ र १० का पाठ्यक्रमलाई सक्षमतामा आधारित soft skill केन्द्रित बनाउन पाठ्यक्रम परिमार्जन गरिरहेको छ र आगामी शैक्षिक सत्र २०७२ बाट १०० ओटा विद्यालयहरूका परीक्षण गर्ने योजना रहेको छ । जबसम्म परिमाजित पाठ्यक्रमको मर्मअनुसार शिक्षण सिकाइ क्रियाकलापको निर्माण गरी कक्षा कोठामा कार्यान्वयन हुँदैन तबसम्म यसको कुनै मूल्य र मान्यता रहँदैन । पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धिहरू तोकिएको समयभित्र विद्यार्थीहरूमा हासिल गराउन सके मात्र शिक्षाको राष्ट्रिय उद्देश्य पूरा भई देशले खोजेको नागरिक उत्पादन गर्न सकिने हुन्छ । यिनै कुरालाई ध्यानमा राखी शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विद्यालय क्षेत्र सुधार योजनाको नीति दस्तावेजमा यस केन्द्रले सञ्चालन गर्ने शिक्षकको क्षमता विकास कार्यक्रमहरूमा soft skills समावेश गर्नुपर्ने उल्लेख भए अनुसार शिक्षकहरूमा पनि यी सिपहरू विकास गर्ने पनि यसै केन्द्रको दायित्वभित्र रहेको छ । यस्को लागि केन्द्रले निम्न कामहरू गर्नुपर्ने देखिन्छ :

- शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक सक्षमता (teacher competency in general & subject base competency in specific) को सूची बनाउने ।
- सक्षमताको आधारमा soft skills केन्द्रित शिक्षकको पेसागत सिकाइ उपलब्धिहरू तयार गर्ने ।
- सबै शिक्षकहरूमा तोकिएका सिकाइ उपलब्धिहरू हासिल हुने गरी नयाँ तालिम कार्यक्रमहरूको निर्माण तथा existing तालिम कार्यक्रमहरूको परिमार्जन गर्ने ।
- तालिम कार्यान्वयन प्रकिया वास्तविक परिवेशमुखी र अभ्यासमुखी बनाउने ।

## निष्कर्ष

विद्यार्थीहरूको सकारात्मक व्यवहार विकासको लागि शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ् कन प्रक्रियामा सुधारको आवश्यकता देखिन्छ । सहभागितात्मक शिक्षण सिकाइ क्रियाकलापहरूको अभ्यासबाट सफ्ट स्किलको विकास सजिलैसँग गराउन सकिन्छ तर यसलाई दिगो बनाइराख्न सक्रिय

सिकाइ, समस्यामा आधारित सिकाइ, collaborative सिकाइ जस्ता सहभागितात्मक शिक्षण विधि तथा तरिकाहरूबाट निरन्तर सवलीकरण (reinforcement) गरिराख्नुपर्छ । सामान्यतया तालिम प्राप्त शिक्षकहरूले पनि भाषण विधिलाई नै मुख्य शिक्षण विधिका रूपमा प्रयोग गरिरहेको अहिलेको अवस्थामा सुधार ल्याई विद्यार्थी केन्द्रित अभ्यासमुखी गर्नु जरुरी छ ।

विद्यार्थीहरूमा विषयगत ज्ञान र सिपहरू विकास भए नभएको परीक्षा प्रणालीबाट थाहा पाउन सकिन्छ तर सफ्ट स्किलको मापन परीक्षाको माध्यमबाट गर्न सकिन्न । कुनै पनि वातावरणमा देखाउने व्यवहार र निरन्तर अभ्यास अवलोकनबाट उनीहरूमा कुन हदसम्मसफ्ट स्किलविकास भएको छ भन्ने लेखाजोखा गर्न सकिने भएकाले मूल्याङ्कन प्रणालीमा पनि सोही अनुसार सुधारको आवश्यकता देखिन्छ । साथै पाठ्यक्रम कार्यान्वयनको निरन्तर पुनरावलोकन गरी कुन सफ्ट स्किलका तत्त्वहरू कुन विषय क्षेत्रमा समावेश गर्दा शैक्षिक अवधिभित्र पुरै सिपहरू विकास हुन्छ भन्ने जानकारी लिई सोहीअनुसार पाठ्यक्रमा सुधार गर्नुपर्ने हुन्छ ।

Soft skills लेव्यक्तिको व्यक्तित्व तथा क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाहमा सहयोग गर्ने भएकाले विद्यार्थीमा मात्र होइन विद्यालय शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरू तथा नीति निर्माताहरूमा पनि यी सिपहरूको विकास गर्न जरुरी छ । शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरूको क्षमता अभिवृत्ति कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार आवश्यक मात्रामा सफ्ट स्किललाई embedded गर्नुपर्छ ।

**सन्दर्भ सामग्रीहरू**


MoE (2008). *School Sector Reform: Core document.* Kathmandu: Author

NCED (2011). *Teacher Development Policy Guideline.*

MoE (2013). *School Sector Reform Program/Sector Wide Approach, Extention Plan 2014/15-2015/16.*

MoE, Nepal & MoFA, Findland (2013). *The TEVT Soft Skills Project (TSSP) Inception Report*

S . Mangala Ethajya Rani, (2010). *Need and importance of Soft Skills in students.*

Verica Babic & Marko Slavkobic. *University of Karjujevac, Serbia- Soft & Hard skills development : Current situation in Serbian companiesManagement , knowledge & Learning , International conference 2011*

*Importance of Soft Skills development in education ,Home /Articles posted by Visal Jain/ February 22,2009*

Robert W . Gaines, ll, Ph . D and Meca B. Mohammed. Ph. D. *Soft Skills Development in K-12 Education, Research brief, June 2013*

Bernd Schulz, Politechni of Namibia, *The Importance of Soft Skills : Education beyond academiv knowledge, NAWA journal of Language and communication, june 2008*

Win Learning, Soft Skills - *An Essential ingredient for Career & College Readiness,White paper –Presented December 2011*

Jane Andrews and Helen Higson, *Graduate Employability, 'Soft Skills' versus 'Hard Skills' Busyness Knowledge: A European Study, Higher Education in Europe, Vol . 33 No . 4, December 2008*

Shaseen Majid, Zhang Liming, Shen tong, Siti Raihana, *Importance of Soft Skills for Education & Career success, international journer for cross-Diciplinary subjects in education 2012*